# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०८।२६ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

-------------------------------------------------

जिल्ला प्राविधिक कार्यालय, कंचनपुरका प्रमुख जिल्ला ईन्जिनियर केदार शर्माको योजना र प्रत्यक्ष निर्देशनमा सोही कार्यालयका लेखापाल केशवराज जोशी, सब-ईन्जिनियरहरु डण्डीराज पाण्डे, विरेन्द्रसिंह बडाल र नबिनकुमार दुबेको आपसी मिलेमतोमा ठेक्का सदर गर्ने र रनिङ्ग बिल पास गर्ने कार्यको लागि विभिन्न बहानामा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कंचनपुरबाट खटिइ गएको टोलीले सब-ईन्जिनियर त्रय डण्डीराज पाण्डे, विरेन्द्र सिंह बडाल र नबिन कुमार दुबेलाई घुस बापतको रु.६,००,०००/- (छ लाख) नगद र रु.१४,७०,०००/- (चौध लाख सत्तरी हजार) बराबरको थान २ चेक लिईसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज राष्ट्रसेवकहरु केदार शर्मा, केशवराज जोशी, डण्डीराज पाण्डे, विरेन्द्रसिंह बडाल र नबिनकुमार दुबेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा, निजहरुलाई जनही बिगो रु. २०,७०,०००/- ( बीस लाख सत्तरी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (च) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी